# भाग ५

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालयको

## सूचना -१

नेपाल सरकार, मन्त्रिपरिषद्ले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (२) र दफा ३क. को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी हाल कायम रहेको शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज र शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रलाई देहाय बमोजिम हेरफेर गरी देहायको चार किल्लाभित्रको क्षेत्रफल कायम गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. **शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको डोल्पा जिल्लाको २७१२ वर्ग कि.मि. क्षेत्रफलभित्र :**

**पूर्व** : खुङ भन्ज्याङबाट खुङ खोला हुँदै खुङ खोला र पान्जाङ खोला दोभान सम्म। त्यहाँबाट पश्चिमतर्फ मोडी पान्जाङ खोला हुँदै नामजुङ खोलाको दोभानसम्म र तत्पश्चात नामजुङ खोला हुँदै दार्जलिङ खोला पुगी, खाजिङ खोलाको शीर पुगी त्यहाँबाट जङला भन्ज्याङसम्म र त्यहाँबाट दक्षिण पहाडको चुलाचुलै हुँदै दिङला चुरीसम्म।

**पश्चिम** : सुलीगाड र ठुलो भेरी नदीको दोभानबाट सुलीगाडको चौरलाई भित्र पारी त्यहाँबाट सिधा उत्तरतर्फ मोडी वेन्द्रुक लेकको ढलानलाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लिएर रसी, रुमामाथिको डाँडाको टुप्पै टुप्पा हुँदै मुक्या डाँडाको टुप्पै टुप्पा लिएर पश्चिम तर्फ मोडी ट्रेङगल पिक हिमचुली (१९,२०३ फिट) को टुप्पै टुप्पा हुँदै कागमारा हिमचुली (२०,२४६ फिट) को चुचुरालाई समाती पाईले लेकको टुप्पै टुप्पा हुँदै जगबुला र गारपुङ खोलाको दोभानसम्म। त्यहाँबाट १८,९८३ फिट अग्लो माता तुम्बा, १९,७३१ फिट अग्लो दुदु कुण्डारी, २२,००७ फिट अग्लो हिमचुलीको टुप्पै टुप्पा हुँदै पातारासी हिमाललाई समातेर डोल्पा, जुम्ला र मुगु जिल्लाको सिमानासम्म। त्यहाँबाट उत्तर कान्जिरोवा हिमालको शिरदेखि उत्तरतर्फ हिमालको टुप्पै टुप्पा हुँदै र निसियाङ्ला हुँदै नामलान नदी र जवुला खोलाको दोभान हुँदै मरुम डाडाँ हुँदै याङ्गला लेक हुँदै र यालाकान हुँदै याला भन्ज्याङ्ग पलाचुङ्ग हाम्गा हिमाल हुँदै चीनसँगको अन्तर्राष्ट्रिय सीमासम्म (हिउचुली हिमालदेखि उत्तरतर्फ डोल्पा र मुगु जिल्लाको सिमाना हुँदै नेपाल र चीनबीचको अन्तर्राष्ट्रिय सिमासम्म)।

**उत्तर** : नेपाल चीन बीचको अन्तर्राष्ट्रिय सिमाना ।

**दक्षिण** : दिङला चुरीको पश्चिम डाँडाको टुप्पै टुप्पा हुँदै श्राखे खोलाको शिर समाती, श्राखे खोलालाई लिएर श्राखे खोला र सुलीगाडको दोभानसम्म,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यहाँबाट सुलीगाड खोलालाई लिएर दक्षिणतर्फ हुँदै सुलीगाड र ठुलो भेरी नदीको दोभानसम्म।

२. **शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको डोल्पा जिल्लाको ११७२ वर्ग कि.मी. क्षेत्रफलभित्र :**

**पूर्व** : शे-फोक्सुण्डो गाउँपालिकाको खुङ भन्ज्याङ (निकुञ्ज सिमाना) बाट पूर्वतर्फ नेपाल चीन अन्तर्राष्ट्रिय सिमाना हुँदै मेनगाला भन्ज्याङसम्म। त्यहाँबाट दक्षिणतर्फ मुसी खोला हुँदै मुसी खोला र चियो खोलाको दोभानबाट मुसी खोला हुँदै पान्जाङ खोला र मुसी खोलाको दोभानसम्म। त्यहाँबाट पूर्वतर्फ पान्जाङ खोला हुँदै पान्जाङ खोला र कोरन खोलाको दोभानसम्म। त्यहाँबाट दक्षिणतर्फ पोम्जो लेकको शिरै शिर हुँदै सरमाला लेक हुँदै थामलुन लेक हुँदै रुमलुन लेक हुँदै सालदाङसम्म। त्यहाँबाट दक्षिणतर्फ डोल्पो बुद्ध गाउँपालिकाको छोईला भन्ज्याङ्ग हुँदै झ्यार्कोई भन्ज्याङ्ग हुँदै खोरला लेक हुँदै चान्ला भन्ज्याङ्ग हुँदै छोमेन लेक हुँदै निलबन लेकसम्म।

**पश्चिम** : जगदुल्ला गाउँपालिका, मुड्केचुला गाउँपालिका र गुठिचौर गाउँपालिकाको साझा सिमानाबाट उत्तरतर्फ जगदुल्ला गाउँपालिका र गुठिचौर गाउँपालिकाको सिमाना हुँदै निकुञ्जको सिमानासम्म।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**उत्तर** : शे-फोक्सुण्डो गाउँपालिकाको खुङ भन्ज्याङ (निकुञ्ज सिमाना) बाट पूर्वतर्फ नेपाल चीन अन्तर्राष्ट्रिय सिमाना हुँदै मेनगाला भन्ज्याङसम्म।

**दक्षिण** : डोल्पो बुद्ध गाउँपालिकाको निलबन लेकबाट पश्चिम पिगुन लेक हुँदै क्लान खोला र तराप खोलाको दोभानसम्म। त्यहाँबाट दक्षिणतर्फ तराप खोला हुँदै सिसौल खोला र तराप खोलाको दोभानसम्म । त्यहाँबाट पश्चिमतर्फ काइके गाउँपालिका र डोल्पो बुद्ध गाउँपालिकाको सिमाना हुँदै झ्यार्को दिन्लासम्म। त्यहाँबाट दक्षिणतर्फ शे-फोक्सुण्डो गाउँपालिका र काइके गाउँपालिकाको सिमाना हुँदै ठुली भेरी नगरपालिका र काइके गाउँपालिकाको सिमाना हुँदै राजनेता डाडाँ हुँदै ग्यालबारा खोला हुँदै ठुली भेरी नगरपालिका र काइके गाउँपालिकाको सिमाना हुँदै ठुलो पाटन खारेसम्म । ठुलो पाटन खारेबाट पश्चिम पातीहालना डाडाँ हुँदै सुलीगाड र ठुली भेरी नदीको दोभानसम्म। त्यहाँबाट पश्चिमतर्फ ठुली भेरी नदी हुँदै छुगाड र ठुली भेरी नदीको दोभानसम्म। त्यहाँबाट पश्चिम तर्फ छुगाड हुँदै त्रिपुरा सुन्दरी नगरपालिका र जगदुल्ला गाउँपालिकाको सिमानामा रहेको बलांगरा लेकसम्म। त्यहाँबाट दक्षिणतर्फ त्रिपुरासुन्दरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नगरपालिका र जगदुल्ला गाउँपालिकाको सिमाना हुँदै त्रिपुरासुन्दरी नगरपालिका, जगदुल्ला गाउँपालिका र मुड्केचुला गाउँपालिकाको साझा सिमानासम्म। त्यहाँबाट पश्चिम तर्फ त्रिपुरा सुन्दरी नगरपालिका र जगदुल्ला गाउँपालिकाको सिमाना हुँदै जगदुल्ला गाउँपालिका र मुड्केचुला गाउँपालिकाको सिमाना हुँदै जगदुल्ला गाउँपालिका, मुड्केचुला गाउँपालिका र गुठिचौर गाउँपालिकाको साझा सिमानासम्म ।

## सूचना -२

नेपाल सरकार, मन्त्रिपरिषद्ले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) र दफा ३क. को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम छाँयानाथ राष्ट्रिय निकुञ्ज क्षेत्र घोषणा गर्ने र छाँयानाथ मध्यवर्ती क्षेत्रको देहाय बमोजिमको चार किल्लाभित्रको क्षेत्र तोक्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. **छायाँनाथ राष्ट्रिय निकुञ्ज मुगु जिल्लाको ८४३ वर्ग कि.मी. क्षेत्रफलभित्र :**

**पूर्व** : कान्जिरोवा हिमालको शिरदेखि उत्तरतर्फ हिमालको टुप्पै टुप्पो हुँदै निसियाङ्ला हुँदै नामलान नदी र जवुला खोलाको दोभान हुँदै मरुम डाँडा हुँदै याङ्ला लेक हुँदै यालाकान हुँदै याला भन्ज्याङ्ग पलाचुङ्ग हाम्गा हिमाल हुँदै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चीनसँगको अन्तर्राष्ट्रिय सिमासम्म (पतारासी हिमालदेखि उत्तर तर्फ डोल्पा र मुगु जिल्लाको सिमाना हुँदै नेपाल र चीनबीचको अन्तर्राष्ट्रिय सिमासम्म।

**पश्चिम** : दाभसल्ला डाँडादेखि उत्तरतर्फ टुप्पै टुप्पो हुँदै नाम्लाङ्ग खोला समाती पश्चिमतर्फ नाम्लाङ्ग र वेलुङ्ग खोलासम्म। वेलुङ्ग खोलालाई समाती छाँयानाथ ठाकुरजीनाथको चुचुरोको शिर समाती सो चुलीको टुप्पै टुप्पो कुलदम डाँडा नागपी डाँडा छायरगोला भन्ज्याङ्ग छिमीमारु डाँडा हुँदै नेपाल चीन बीचको अन्तर्राष्ट्रिय सिमानासम्म।

**उत्तर** : नेपाल चीनबीचको अन्तर्राष्ट्रिय सिमानामा पर्ने कान्ति हिमालको शिर हुँदै पूर्वतिर चाँदी हुँदै पालचुनहम्गा हिमाल हुँदै मुगु र डोल्पा जिल्लाको सिमानासम्म ।

**दक्षिण** : दाभसल्ला डाँडाबाट दक्षिण जुम्ला र मुगु जिल्लाको सिमाना हुँदै काँडेचुली हुँदै पातारासी हिमालको शिरदेखि कान्जिरोवा हिमालको शिरसम्म।

२. **छाँयानाथ राष्ट्रिय निकुञ्जको मध्यवर्ती मुगु जिल्लाको १७७ वर्ग कि.मी. क्षेत्रफलभित्र :**

**पूर्व** : दाभसल्ला डाँडाको टुप्पै टुप्पा उत्तरतर्फ नाम्लाङ्ग खोला समाती पश्चिम तर्फ नाम्लाङ्ग र वेलुङ्ग खोलाको दोभानसम्म। वेलुङ्ग खोलालाई समाती छाँयानाथ ठाकुरजी डाँडाको चुचुरोको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शिर समाती सो चुलीको टुप्पै टुप्पा कल्दम डाँडा हुँदै नागपी डाँडाँ हुँदै छायारंगगोला भन्ज्याङ्गसम्म ।

**पश्चिम** : नादाई काध लेकको टुप्पोबाट उत्तरतर्फ कान खोला पारी गरा लाप्चा डाँडाको शिरै शिर उत्तर ताका गाँउलाई भित्रपारी तिहार बगरसम्म (मुगु कर्णाली र नाम्लांग नदीको दोभानसम्म)। त्यहाँबाट मुगु कर्णाली हुँदै उत्तरतर्फ सिरानचौरसम्म।

**उत्तर** : सिरानचौरदेखि छयाम खोला हुँदै छयामगोला भन्ज्याङ्गसम्म।

**दक्षिण** : नादाई काध लेकको शिरै शिर दक्षिण मुगु र जुम्ला जिल्लाको सिमाना हुदै कान्के काँध लेक हुँदै दाभ सल्ला डाँडासम्म।

**आज्ञाले,**
**डा. राजेन्द्र प्रसाद मिश्र**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।